**SET-4**

**Series SGN**

कोड नं.
Code No. **24**

रोल नं.
Roll No. | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **4** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **10** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर नलेख्नु पर्नेछ ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड एक

1. (क) (i) छन्दमा यति, गति र विश्राम भन्नाले के बुझिन्छ ? *1*

(ii) वार्णिक छन्द भनेको के हो ? उदाहरण दिनुहोस् । *3*

(iii) 'य' 'म' 'न' 'स' भगण र एक लघु र एक गुरू भए कुन छन्द हुन्छ ? सांकेतिक चिह्नसहित दुइ पंक्ति पद्य लेख्नुहोस् । *3*

(ख) (i) निम्न पद्य कुन अलंकारमा पर्छ कारण सहित लेख्नुहोस् : *3*

पृथ्वीको दिव्य सौन्दर्य नअट्टाएर पट्ट भै

फुटी बाहिर निस्क्यो कि पुष्पको रूपमा सबै ?

(ii) उपमा अलंकारका चारवटा तत्व के के हुन् ? *2*

## खण्ड दुइ

2. पर्यावरण स्वच्छ राख्न आफू सचेत भएकोले सबै छर-छिमेकीहरूलाई आफ्नो वातावरण स्वच्छ बनाउने सल्लाह दिदै एउटा पत्र लेख्नोस् । *5*

3. तल दिइएका विषयहरूमध्ये कुनै ***एक*** विषयमाथि 250 शब्दसम्मको रोचक निबन्ध लेख्नुहोस् : *10*

(क) आधुनिक मोबाइल र कम्प्युटरको प्रयोगले पुस्तक अध्ययनमा ह्रास ।

(ख) खेलकूद मनोरञ्जनको मुख्य साधन ।

(ग) हाम्रो चाड़ दशैं ।

## खण्ड तीन

4. (क) रूपलाई मात्र प्राथमिकता दिने मानव समाजलाई कुरूपा रानुको रूपमा कथाकारले कस्तो जवाब दिएका छन् ? *5*

(ख) (i) रनेले आफ्नो पेटपाला कसरी गर्थ्यो ? *2*

(ii) उसले साँचेको भविष्यका सुनौला सपनाहरूलाई संक्षेपमा उल्लेख गर्नोस् । *3*

(ग) "कुकुरी...." कां कथामा आमाले बालसुलभ प्रश्नहरूका उत्तरमा कस्तो र कसलाई व्यंग्य कसेकी छन् ? आफूले बुझेको आधारमा व्यक्त गर्नुहोस् । *5*

5. (क) 'सपना र विपना एउटै हो' भन्नलाई रामकृष्ण शर्माले दिएको मनतव्य पोख्नुहोस् । 3

(ख) समाधानको खोज पाठमा डा. फ्लक्स अस्वस्थ भएपछि डा. रूडीले कस्तो सल्लाह दिए ? 3

(ग) मस्तिष्क प्रत्यारोपण भनेको के हो ? यहाँ कसको मस्तिष्क प्रत्यारोपण गरियो ? 4

6. (क) ऋतुविचार खण्डकाव्यमा वसन्त ऋतु र शरद ऋतुको तुलनामा के के सादृश्य पाइन्छ ? पाठको आधारमा पुष्टि गर्नोस् । 6

(ख) सप्रसंग व्याख्या गर्नोस् : 4

फक्रेका फूल दाता झैं रसधारा लुटाउँछन्
झोलामा भिक्षु झैं भौरी पालामा जुटाउँछन् ।

**अथवा**

माथिबाट झरे सारा पुराना पात बर्बरी
शक्ति शून्य निरूद्योगी भाग्यका भक्त झैं गरी ।

7. (क) 'काव्यको शृंगार' नाटक भनि किन भनिएको हो ? स्पष्ट पार्नुहोस् । 3

(ख) पूर्वी र पश्चिमी नाटकका विशेषता के के हुन् ? 2

(ग) बन्दिनीको वास्तविक नाम के हो ? 1

(घ) उसलाई किन बन्दी बनाइएको थियो ? 4

8. (क) "हट्टाबाहिर त एक्कासि हुन्छ कमानमा । नानीले के बिरायौ त ?"

(i) यहाँ हट्टाबाहिर भनेको के हो ? 1

(ii) एक्कासि हट्टाबाहिर हुनको पछाड़ि के कारण थियो ? 2

(iii) कुन प्रसंगमा कसले कसलाई यो कुरा भनेको हो ? 2

(ख) (i) जसेले कमान छोड़ेपछि मालिनीलाई कस्तो संकट आइपऱ्यो ? 3

(ii) मालिनीले अन्तमा के निर्णय लिई ? 2

**9.** (क) रामकृष्ण शर्माका कुनै चारवटा कृतिहरूको नाम लेख्नुहोस् । *2*

(ख) लेखनाथ पौड्यालको जन्म कहाँ भएको थियो ? *2*

(ग) उनको 'पिंजराको सुगा' कविताले नेपालमा कस्तो असर पाऱ्यो ? *4*

**10.** (क) नेपाली भाषाको उत्पत्तिमा खस भाषाको इतिहासले के दर्शाउँछ ? *3*

(ख) "नेपाली भाषा नेपालका आर्यहरूको पेवा होइन, सबै नेपाली जनताको भाषा हो" भने यो भाषा कहाँ कहाँ र कुन नामले बोलिन्छ ? *3*

(ग) नेपाली साहित्यको इतिहासमा देखिएको प्रथम मौलिक उपन्यास कुन हो ? यस बारे छोटो चर्चा गर्नोस् । *4*